नेपाल सरकार
संञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
(प्रशासन तथा प्रेस शाखा)

प.सं. : २०७८/७९
च.नं.:- प्र./यो. ९५

मितिः २०७८/०४/१७

## प्रेस पास/अनलाईन दर्ता सेवा पूर्णरुपमा अनलाईनबाट मात्र प्रवाह हुने सूचना ।

यस सूचना तथा प्रसारण विभागले विभागको कार्यविवरण अनुसार मुख्यतः प्रेस प्रतिनिधि प्रमाणपत्र जारी/नवीकरण, अनलाईन सञ्चारमाध्यम दर्ता/नवीकरण, रेडियो तथा टेलिभिजनको इजाजत/लाइसेन्स जारी/नवीकरण लगायतका कार्यहरु गर्दै आइरहेकोमा उपरोक्त उल्लेखित सेवा लिने सेवाग्राहीहरु ७७ वटै जिल्लामा कार्यरत रहने, पछिल्लो समय विश्व भर फैलिएको कोभिड-१९ महामारीको जोखिम, नेपाल सरकारले अवलम्बन गरेको डिजिटल नेपाल फ्रेमवर्कको नीतिका साथै सार्वजनिक सेवा विद्युतीय माध्यमबाट चुस्त, छरितो, सहज तथा कागजविहीन रुपमा प्रवाह गर्नुपर्ने अवस्था छ ।

उपरोक्त सन्दर्भमा प्रेस प्रतिनिधि प्रमाणपत्र जारी/नवीकरण, अनलाइन सञ्चारमाध्यम दर्ता/नवीकरणसँग सम्बन्धित सेवा अनलाइन तथा भौतिक उपस्थिति दुवै तरिकाबाट भइरहेकोमा आगामी मिति २०७८ साउन २० गते बुधबारदेखि विभागबाट प्रवाह हुने सेवाहरुमध्ये प्रेस प्रतिनिधि प्रमाणपत्र जारी/नवीकरण र अनलाइन सञ्चारमाध्यम दर्ता/नवीकरणको कार्य विभागको वेभसाइटमा रहेको अनलाइन सेवामार्फत पूर्ण अनलाइनमा आधारित भई तपसिलको विधिबाट मात्र सेवा प्रवाह गरिनेहुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । पुनश्चः मिति २०७८ साउन २० गतेपश्चात विभागमा कागजात पेश गर्ने प्रयोजनार्थ भौतिक उपस्थितिमा हुने सेवा प्रवाह सेवाहरु (प्रसारण शाखासँग सम्बन्धितबाहेक) पूर्णरुपमा बन्द हुनेछ ।

तपसिल

- विभागको वेभसाइट www.doinepal.gov.np खोल्ने ।
- अनलाइन सेवामा क्लीक गर्ने ।
- तीन वटा विकल्पमध्ये आफूलाई आवश्यक विकल्पमा क्लीक गर्ने ।
- आफूसँग सम्बन्धित सम्पूर्ण विवरण अनिवार्यरुपमा भर्ने ।
- मागिएको कागजातको 200KB भन्दा कम साइजको PDF फाइल अपलोड गर्ने ।
- सबै विवरण भरेपश्चात Submit गर्ने ।
- निवेदन विभागबाट स्वीकृत भएपश्चात Connect IPS मार्फत राजस्व तिरिसकेपछि मात्र आफ्नो प्रमाणपत्र विभागमा वा आफूलाई पायक पर्ने जिल्ला हुलाक कार्यालयमार्फत बुझिलिने ।

०७८/४/१७

बसन्त बहादुर खत्री
शाखा अधिकृत

बोधार्थ

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।
श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, काठमाडौं ।
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम, काठमाडौं ।
श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं : सम्पूर्ण जिल्ला शाखाहरुमा जानकारी गराइदिनुहुन ।